# सत्य निरुपण तथा मेलमिलाप आयोग
# छानविन निर्देशिका, २०७३

आयोगवाट निर्णय मितिः - २०७३।३।२४

**प्रस्तावनाः**
सत्य निरुपण तथा मेलमिलाप आयोगमा दर्ता भएका उजूरीहरुको छानविन प्रकृयालाई सरल र सहज वनाई छानविन कार्यलाई प्रभावकारी बनाउन वाञ्छनीय भएकोले,
सत्य निरुपण तथा मेलमिलाप आयोग नियमावली, २०७२ को नियम ४६ ले दिएको अधिकार प्रयोग गरी आयोगले देहाय वमोजिमको छानविन निर्देशिका जारी गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**
(१) यस निर्देशिकाको नाम "सत्य निरुपण तथा मेलमिलाप आयोग छानविन निर्देशिका, २०७३" रहेको छ ।
(२) यो निर्देशिका आयोगबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-
(क) "ऐन" भन्नाले वेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ सम्झनुपर्छ ।
(ख) "नियमावली" भन्नाले सत्य निरुपण तथा मेलमिलाप आयोग नियमावली, २०७२ सम्झनुपर्छ।
(ग) "आयोग" भन्नाले सत्य निरुपण तथा मेलमिलाप आयोग सम्झनुपर्छ ।
(घ) "निर्देशिका" भन्नाले सत्य निरुपण तथा मेलमिलाप आयोग छानविन निर्देशिका, २०७३ सम्झनुपर्छ ।
(ङ) "अनुसन्धान अधिकारी" भन्नाले ऐन तथा नियमावली बमोजिम सत्य अन्वेषण तथा छानविनको लागि आयोगद्वारा नियुक्त कुनै सदस्य, कार्यटोली वा उपसमिति सम्झनुपर्छ ।
(च) "विज्ञ" भन्नाले ऐनको दफा ३१ को उपदफा (१) बमोजिम आयोगको काम कारबाही सुचारु रुपले सञ्चालन गर्नको लागि गठन हुने उपसमिति वा कार्य टोलीमा समावेश हुने आयोगवाट सूचीकृत गरिएका सम्बन्धित क्षेत्रका विज्ञलाई सम्झनुपर्छ ।
(छ) "विशेषज्ञ" भन्नाले ऐनको दफा ३२ को उपदफा (१) बमोजिम आयोगले ऐन बमोजिम गर्ने कुनै कामका लागि सेवा लिन सक्ने सम्बन्धित विषयका स्वदेशी तथा विदेशी विशेषज्ञ वा विशिष्टीकृत निकायलाई सम्झनुपर्छ ।
(ज) "कर्मचारी" भन्नाले आयोगमा कार्यरत कर्मचारी सम्झनुपर्छ ।
(झ) "परिचयात्मक विवरण" भन्नाले उजूरीकर्ता वा पीडितको नामथर, वतन वा निजको परिचय खुल्ने कुनै पनि विवरण सम्झनुपर्छ ।
(ञ) "प्रारम्भिक छानविन" भन्नाले नियमावलीको नियम १० बमोजिम गरिने छानविन सम्झनुपर्छ।
(ट) "विस्तृत छानविन" भन्नाले नियमावलीको नियम ११ बमोजिम गरिने छानविन सम्झनुपर्छ।

## परिच्छेद-२
## आयोगको कार्य सम्पादन सम्बन्धी सामान्य व्यवस्था

**३. आयोगले छानविन गर्ने विषयः**
(१) आयोगले २०५२ साल फागुन १ गतेदेखि २०६३ साल मंसिर ५ गतेसम्म राज्य पक्ष र तत्कालिन नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच भएको सशस्त्र द्वन्द्व सम्बन्धी घटनाको विषयमा छानविन गर्नेछ ।

(२) आयोगले उपदफा (१) बमोजिम छानविन गर्दा निशस्त्र व्यक्ति वा जनसमुदाय विरुद्ध लक्षित गरी वा योजनाबद्ध रुपमा गरिएको देहाय बमोजिमको मानव अधिकारको गम्भीर उल्लंघनका विषयमा छानविन गर्नेछः-

(क) हत्या,

(ख) अपहरण तथा शरीर बन्धक,

(ग) अङ्गभङ्ग वा अपाङ्ग बनाउने,

(घ) शारीरिक वा मानसिक यातना,

(ङ) बलात्काकर तथा यौनजन्य हिंसा,

(च) व्यक्तिगत वा सार्वजनिक सम्पत्ति लुटपाट, कब्जा, तोडफोड वा आगजनी,

(छ) घरजग्गाबाट जबरजस्ती निकाला वा अन्य कुनै किसिमबाट विस्थापन, वा

(ज) अन्तर्राष्ट्रिय मानव अधिकार वा मानवीय कानून विपरीत गरिएका जुनसुकै किसिमका अमानवीय कार्य वा मानवता विरुद्धको अन्य अपराध ।

**४. छानविन सम्बन्धी आधारभूत मापदण्डहरु**

(१) यस निर्देशिका बमोजिम छानविन गर्दा आयोग, अनुसन्धान अधिकारी र आयोगका कर्मचारी लगायत सम्बन्धित विज्ञ वा विशेषज्ञले छानविनको सिलसिलामा देहायका मापदण्डहरुको पालना गर्नुपर्छः-

(क) आफ्नो ज्ञान, विवेक र क्षमताको उच्चतम उपयोग गर्ने,

(ख) छानविन गर्दा इमान्दारिता, निष्पक्षता, अग्रसरता र तटस्थता अपनाउनुपर्ने,

(ग) आयोगमा उपस्थित भएका वा छानविन वा सोसँग सम्बन्धित कार्यमा सम्पर्कमा आएका व्यक्तिसँग सम्मानजनक व्यवहार गर्ने,

(घ) पीडित तथा साक्षीको सुरक्षाको सुनिश्चितता गर्नुपर्ने,

(ङ) आयोगले गर्ने सत्य अन्वेषण तथा छानविन सम्बन्धी कार्य सरोकारवाला निकाय वा व्यक्तिसँग समन्वय र सहयोगको भावनाबाट अभिप्रेरित भई गर्नुपर्ने,

(च) प्रचलित कानून बमोजिम गोप्य राख्नुपर्ने कुराहरु गोप्य राख्ने,

(छ) बलात्कार तथा यौनजन्य हिंसाबाट पीडित र बालबालिका लगायत प्रचलित कानून बमोजिम विशेष व्यवस्था गर्नुपर्ने व्यक्तिका सम्बन्धमा छानविन गर्दा विशेष व्यवस्था गर्ने,

(ज) कामको सिलसिलामा आवेग, आक्रोश, प्रतिशोध प्रदर्शन नगर्ने,

(झ) मानव अधिकार तथा न्यायका सर्वमान्य सिद्धान्तलाई पालना गर्नुपर्ने ।

(२) यस निर्देशिका बमोजिम छानविन गर्दा सामान्यतया देहायका कार्यविधिहरुको पालना गर्नुपर्नेछः-

(क) छानविनको उद्देश्य सत्य तथ्य स्थापित गर्ने हुनुपर्ने,

(ख) घटनाको समय, मिति र स्थान, घटनाको स्थीर रुप, तथ्यगत विवरण, शारीरिक चोटपटक, प्रयोग गरिएका हातहतियार, साक्षीको पहिचान, आदिको बारेमा बस्तुनिष्ठ सूचना संकलन गर्ने प्रयास गर्नुपर्ने ।

(ग) यस्ता घटना पुनः दोहोरिन नदिने उपायहरु पहिचान गर्नुपर्ने,

(घ) आफू पीडित भएको घटनाको छानविन तथा सबै प्रकारका सुनुवाईसँग सम्बन्धित सबै सूचनामा पीडितको पहुँच हुनुपर्ने,

(ङ) छानविनको क्रममा आवश्यकता अनुसार पीडितलाई मनोसामाजिक परामर्श उपलब्ध गराउनुपर्ने,

(च) बकपत्रको समय पर्याप्त हुनुपर्ने, बकपत्र रोक्ने, विश्राम लिने अधिकार साक्षी वा बकपत्र गर्ने पीडितलाई दिनुपर्ने,

(छ) सम्भव भएसम्म बकपत्रको श्रव्यदृव्य अभिलेख राख्नुपर्ने,

(ज) बकपत्र गर्दा अनुसन्धान अधिकारीले प्रश्न गरेर उत्तर लिनु भन्दा पनि बढी भन्दा बढी पीडितको कुरा सुनी जवाफ लेख्नुपर्ने,

(झ) पीडित वा साक्षीसँग सोधपुछ गर्दा सूचक प्रश्न नगर्ने,

(ञ) आवश्यकता अनुसार गोप्य सुनुवाईको व्यवस्था गर्ने,

(ट) पीडित र अनुसन्धान अधिकारी बीच विश्वासको वातावरण बनाउनुपर्ने, त्यसका लागि अनुसन्धान अधिकारीले सक्रिय रुपमा पीडितको भनाई सुन्नुपर्ने, शिष्टाचार कायम गर्नुपर्ने, सहानुभूतिपूर्ण व्यवहार गर्नुपर्ने,

(ठ) आवश्यकता अनुसार दोभाषेको प्रयोग गर्ने,

(ड) झुटा बकपत्र गरेमा आउने परिणामको वारेमा साक्षीलाई जानकारी गराउनुपर्ने,

(ढ) सामान्यतया पुनः बकपत्र नगराउने ।

**५. छानविनको तरिकाः**

(१) आयोगले छानविन सम्बन्धी कार्य गर्दा प्रचलित कानूनको अधिनमा रही यस निर्देशिका बमोजिम गर्नेछ ।

(२) आयोगले छानविन सम्बन्धी कार्य सूचारु रुपले सञ्चालन गर्न विभिन्न उपसमिति वा कार्यटोली गठन गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको उपसमिति वा कार्यटोलीमा आयोगबाट सुचीकृत गरिएका सम्बन्धित क्षेत्रका विज्ञहरुलाई समेत समावेश गर्न सकिनेछ ।

(४) आयोगले छानविन सम्बन्धी कार्य गर्दा आफूलाई प्राप्त भएको अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष, सदस्य, सचिव वा उपदफा (२) बमोजिम गठित उपसमिति वा कार्यटोलीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(५) आयोगले सदस्यहरुलाई कुनै खास विषय वा खास विषयसँग सम्बन्धित कार्य गर्ने गरी अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि आयोगले अधिकार प्रत्यायोजन गर्दा उजूरी तामेलीमा राख्ने, मेलमिलाप गराउने, परिपूरण, क्षमादान वा कारवाहीका लागि सिफारिस गर्ने सम्बन्धमा आयोगलाई भएको अधिकार प्रत्यायोजन गर्न सक्ने छैन ।

**६. उजूरीको छानविनका क्रममा आयोगबाट सम्पादन गरिने कार्यः**

ऐन तथा नियमावलीमा उल्लिखित कार्यहरुका अतिरिक्त देहायका विषयहरु समेत छानविनको सन्दर्भमा आयोगबाट सम्पादन गरिनेछः-

(क) आयोगका सदस्यको काम तथा जिम्मेवारीको बाँडफाँड गर्ने विषय,

(ख) कुनै निकायले आयोगबाट छानबिन तथा कारबाही हुन भनी लेखी पठाएको विषय,

(ग) आयोगको अवहेलनामा कारबाही चलाउने विषय,

(घ) अनुसन्धान अधिकारीले पेश गरेको छानविन प्रतिवेदनमा निर्णय गर्ने विषय,

(ङ) छानविनको सिलसिलामा निर्देशिका वा आयोगको निर्देशनको कार्यान्वयनमा कुनै कठिनाई वा बाधा आइपरेमा सचिवले आयोग समक्ष त्यस्तो बाधा अड्काउ फुकाउन पेश गरेको विषय,

(च) छानविनको लागि स्थलगत निरीक्षण गर्नु पर्ने भएमा अनुसन्धान अधिकारी खटाउने निर्णय गर्ने विषय,

(छ) अनुसन्धान अधिकारीले आयोग समक्ष निर्देशनको लागि पेश गरेको विषय,

(ज) कुनै घटना सशस्त्र द्वन्द्वको क्रममा भएका घटनासंग सम्बन्धित हो वा होइन भन्ने प्रश्न समावेश भएको बिषय,

(झ) अनुसन्धान अधिकारी हेरफेर गर्ने विषय,

(ञ) ऐनको दफा १४ को उपदफा (५) बमोजिम सार्वजनिक पद धारण गरेको व्यक्तिलाई निलम्बन गर्न लेखी पठाउने विषय,

(ट) ऐनको दफा १५ को उपदफा (३) र (५) बमोजिम कारबाही गर्ने विषय

(ठ) ऐनको दफा १५ को उपदफा (४) बमोजिम विभागीय कारबाही गर्न अख्तियारवाला समक्ष लेखी पठाउने विषय,

(ड) ऐनको दफा १७ को उपदफा (७) बमोजिम कर्मचारीलाई सरुवा गर्न सम्बन्धित निकायमा लेखि पठाउने विषय,

(ढ) तोकिएको समयभित्र छानविन पूरा हुन नसकी म्याद थपको लागि पेश भएको विषय,

(ण) आयोगले उपयुक्त ठानेका अन्य विषयहरु ।

## परिच्छेद-३
## उजूरी व्यवस्थापन तथा प्रारम्भिक छानविन सम्बन्धी व्यवस्था

**७. उजूरीको व्यवस्थापनः**

(१) आयोगमा प्राप्त भएका उजूरीहरुलाई जिल्लागत र विषयगत रुपमा वर्गीकरण गरी अभिलेख राखिनेछ ।

(२) उपदफा (१) बमोजिम अभिलेख गरिएका उजूरीहरुको सम्बन्धमा भएको कारवाहीको स्थिति कम्प्युटरमा प्रविष्ट गरिने छ ।

**८. उजूरीकर्ता वा पीडितको विवरण गोप्य राख्नेः**

(१) यस निर्देशिकामा अन्यत्र जुनसूकै कुरा लेखिएको भएतापनि उजूरीकर्ता वा पीडितले आफ्नो परिचयात्मक विवरण गोप्य राख्न चाहेमा आयोगले निजको परिचयात्मक विवरणहरु गोप्य राख्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम विवरण गोप्य राख्दा देहाय बमोजिम गर्नुपर्नेछः

(क) उजूरी वा जानकारी प्राप्त भएदेखि प्रारम्भिक तथा विस्तृत छानविनको कार्य र आयोगबाट नेपाल सरकार समक्ष प्रतिवेदन पेश गर्नेसम्मका सम्पूर्ण चरणमा पीडितको व्यक्तिगत परिचयात्मक विवरणहरू गोप्य राख्ने व्यवस्था गर्ने,

(ख) उपदफा (१) बमोजिम गोप्य राखिएको व्यक्तिगत परिचयात्मक विवरणलाई उजूरी, निवेदन, प्रतिवेदन, पत्राचार, बयान, बकपत्र, वक्तव्य, विज्ञप्ती, सार्वजनिक प्रकाशन लगायत सम्पूर्ण अवस्थामा गोप्य राख्ने व्यवस्था गर्ने,

तर, व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्न माग गरेको व्यक्तिले सो विवरण पूर्ण वा आंशिक रुपमा गोप्य राख्न जरूरी नभएको भनी लिखित निवेदन दिएमा तदनुरुप सार्वजनिक गर्न बाधा परेको मानिनेछैन ।

(ग) गोप्य राखिएका व्यक्तिगत परिचयात्मक विवरणहरूलाई संकेत गर्न छुट्टै परिचयात्मक नाम वा नम्बर वा चिन्ह दिने र सोको प्रमाणिकरण सम्बन्धित अधिकारीबाट गराई राख्ने,

(घ) व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नका लागि कुनै कागज प्रमाण गोप्य राख्नुपर्ने भएमा सोसमेत सिलबन्दी गरी सोको व्यहोरा खुलाई फाईल संलग्न राख्ने,

(ङ) छानविन वा कारबाहीको सिलसिलामा विवरण गोप्य राखिएको व्यक्तिको उपस्थिति भए पनि निजसँग सम्बन्धित परिचयात्मक विवरण र दस्तखत समेत निजलाई प्रदान गरिएको साँकेतिक नाम, नम्बर वा चिन्हद्वारा नै गर्ने व्यवस्था मिलाउने,

(च) व्यक्तिगत परिचयात्मक विवरण गोप्य राखिएको व्यक्तिलाई निजको संकेत, नाम, नम्वर वा चिन्ह उल्लेख भएको छुट्टै परिचयपत्र प्रदान गर्ने,

(छ) व्यक्तिगत परिचयात्मक विवरण गोप्य राखिएका व्यक्तिका नाममा म्याद वा सूचना जारी गर्दा वा पत्राचार गर्दा निजको साँकेतिक नाम, नम्बर वा चिन्हबाट गर्ने,

तर, बलात्कार वा यौनजन्य हिंसावाट पीडितका हकमा म्याद वा सूचना जारी गर्ने सम्बन्धमा आयोगले विशेष व्यवस्था गर्न सक्नेछ ।

(ज) यस निर्देशिका बमोजिम परिचयात्मक विवरण गोप्य राख्दा सर्वोच्च अदालतबाट जारी भएको विशेष प्रकृतिका मुद्दामा पक्षको गोपनीयता कायम गर्ने सम्बन्धी निर्देशिका २०६४ को समेत पालना गर्ने,

(झ) खण्ड (ज) बमोजिमको निर्देशिका अनुसूची ९ मा समावेश गरिएको छ ।

**९. छानविनको योजना**

(१) अनुसन्धान अधिकारीले उजूरीमाथि छानविन गर्नु पूर्व छानविनको योजना तयार गर्नुपर्नेछ।

(२) छानविनको योजनालाई देहाय अनुसार चार चरणमा विभाजन गरी गर्न सकिनेछः

(क) सूचना र सुरक्षा - यस चरणमा उजूरीसँग सम्बन्धित व्यक्तिहरुको व्यक्तिगत विवरण, ठेगाना तथा सुरक्षाको व्यवस्था सम्बन्धी योजना समावेश हुनेछ ।

(ख) बन्दोबस्ती - यस चरणमा छानविनको लागि आवश्यक पर्ने जनशक्ति, यन्त्र-उपकरण, पोशाक, कागजात, भौतिक साधन, आर्थिक व्यवस्थापन लगायतको योजना समावेश हुनेछ ।

(ग) प्रमाण संकलन - यस चरणमा उजूरीमा लगाइएको आरोपको सत्यता पत्ता लगाउन भौतिक, लिखित र मौखिक प्रमाण संकलन तथा विशेषज्ञको राय प्राप्त गर्ने विषय समावेश हुनेछ ।

(घ) विश्लेषण र मूल्याङ्कन- यस चरणमा संकलित प्रमाणहरुको विश्लेषण र मूल्याङ्कन गर्ने कार्य समावेश हुनेछ ।

**१०. छानविनको प्राथमिकताः**

आयोगले पीडितको अवस्था, अपराधको गम्भीरता र सम्बेदनशीलता समेतलाई विचार गरी देहाय बमोजिमको प्राथमिकता क्रममा प्रारम्भिक तथा विस्तृत छानविन गर्नेछः

(क) बलात्कार र यौनजन्य हिंसाबाट बालबालिका वा अन्य व्यक्ति पीडित भएको विषय,

(ख) जेष्ठ नागरिक, अशक्त वा अपाङ्गता भएको व्यक्ति पीडित भएको विषय,

(ग) बालबालिका पीडित भएको विषय,

(घ) एकल महिला पीडित भएको विषय,

(ङ) जटिल तथा दीर्घ रोगसँग संघर्ष गरिरहेका व्यक्ति पीडित भएको विषय ।

(च) माथि लेखिएदेखि बाहेकका विषयको हकमा ऐनको दफा २ को खण्ड (त्र) मा उल्लेखित क्रममा आधारित विषय ।

**११. छानविन केन्द्रीत हुनुपर्ने विषयहरुः**

अनुसन्धान अधिकारीले उजुरी उपर छानविन गर्दा ऐन र नियममा उल्लिखित विषयहरुका अतिरिक्त देहाय बमोजिमका विषयहरुमा केन्द्रित भई छानविन कार्य सम्पन्न गर्नु पर्नेछः

(क) सत्य तथ्य स्थापित गर्ने विषयमा,

(ख) उजूरीसंग सम्बन्धित घटनाका सम्भावित कारण, प्रवृत्ति तथा प्रकृति पत्ता लगाउने र घटना दोहोरिन नदिने उपायका सम्बन्धमा,

(ग) उजूरीसंग सम्बन्धित घटनामा संलग्न व्यक्ति, अधिकारी, संस्था तथा संगठनको पहिचान गर्ने सम्बन्धमा,

(घ) पीडित वा निजको परिवारलाई भएको क्षति यकिन गर्ने सम्बन्धमा ।

**१२. उजुरीको तामेली, प्रारम्भिक छानविन र प्रतिवेदनः**

(१) आयोगले ऐनको दफा २१ बमोजिम आफू समक्ष प्राप्त उजुरी वा जानकारीलाई तामेलीमा राख्ने निर्णय गर्न सक्नेछ ।

(२) कुनै उजूरी तामेलीमा राख्ने निर्णय भएकोमा सो को जानकारी उजूरवालालाई दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम तामेलीमा राखिए बाहेकका उजुरी वा जानकारीका सम्बन्धमा प्रारम्भिक छानविन गर्नका लागि आयोगले अनुसूची १ बमोजिमको ढाँचामा अनुसन्धान अधिकारी तोक्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम तोकिएको अनुसन्धान अधिकारीले आफूलाई सुम्पिएका उजूरीका सम्बन्धमा प्रारम्भिक छानविन गर्नेछ ।

(५) उपदफा (४) बमोजिम प्रारम्भिक छानविन गर्दा उजूरी निवेदन र सो साथ संलग्न प्रमाण कागजातको समुच्च रुपमा अध्ययन गरी उजूरीमा लिइएको मुख्य मागदावीको पहिचान गर्नुका साथै देहाय बमोजिमका कुराहरु यकिन हुने गरी छानविन गर्नुपर्नेछः

(क) उजूरीमा उल्लेखित घटना घटे / नघटेको,

(ख) मानव अधिकारको गम्भीर उल्लंघनको घटना भए / नभएको,

(ग) घटनावाट भएका पीडित र पीडक को को हुन,

(घ) घटनावाट भएको वास्तविक क्षति के कति हो,

(ङ) आयोगको क्षेत्राधिकार भित्र परे / नपरेको

(च) उजुरीमा उल्लिखित घटनाका सम्बन्धमा आरोपित व्यक्तिको भनाई वा जिकीर के छ,

(छ) उजूरी पुष्टि गर्ने प्रमाण पेश भए / नभएको,

(ज) मेलमिलाप हुन सक्ने/नसक्ने

(झ) क्षमादानको लागि सिफारिश हुन सक्ने/नसक्ने

(ञ) पीडितलाई के कस्तो परिपूरण उपलब्ध गराउनु पर्ने ।
(ट) प्रारम्भिक छानविनको क्रममा देखिएका अन्य विषय ।

(६) प्रारम्भिक छानविन गर्न तोकिएको अनुसन्धान अधिकारीले उपदफा (५) बमोजिमका कुराहरु यकीन गर्न प्रारम्भिक छानविन गर्दा आवश्यकता अनुसार देहाय बमोजिमको कार्य गर्नसक्नेछः

(क) पीडितले यस अघि कुनै निकाय वा संस्था समक्ष आफ्नो व्यहोरा, निवेदन वा उजूरी दिएको भए सो संस्थाबाट त्यस्तो विवरण वा मिसिल मगाउने,
(ख) कुनै निकायका पदाधिकारी वा कुनै व्यक्तिसँग आवश्यक विवरण वा प्रतिक्रिया माग गर्नुपर्ने भएमा मनासिव माफिकको समय तोकी माग गर्ने,
(ग) स्थलगत निरीक्षण, प्रमाणको बैज्ञानिक परीक्षण वा अन्य केही प्रमाण बुझ्न आवश्यक खिएमा आयोग मार्फत बुझ्ने,
(घ) तत्काल खानतलासी गरी कुनै दशी, प्रमाण वा कागजात बरामद गर्नुपर्ने भए दफा २५ बमोजिमको प्रकृया पूरा गरी खानतलासी र बरामद गर्ने,
(ङ) उजूरीका सम्बन्धमा सूचना एवं जानकारीहरु आयोग मार्फत् स्थानीय एवं राष्ट्रिय पत्र पत्रिका, एफ. एम. लगायतका माध्यमहरु प्रयोग गरी संकलन गर्ने,
(च) खण्ड (ङ) बमोजिम पहिचान भएको विषयवस्तुसँग सम्बन्धित कागजात सम्बन्धित कार्यालय वा व्यक्तिबाट समय तोकी माग गर्ने,
(छ) आरोपित व्यक्तिको बयान र पीडितको बकपत्र गराई निजहरुको भनाई वा जिकिर लिने ।

(७) आफूलाई तोकिएका उजूरीहरुको प्रारम्भिक छानविनको कार्य तोकिएको समयमा सम्पन्न गरी सम्बन्धित अनुसन्धान अधिकारीले यथासक्य छिटो राय सहित प्रारम्भिक छानविन प्रतिवेदन तयार गरी आयोग समक्ष पेश गर्नु पर्नेछ ।

(८) काबु बाहिरको परिस्थिति परी तोकिएको अवधि भित्र प्रारम्भिक छानविनको कार्य सम्पन्न हुन नसक्ने देखिएमा अनुसन्धान अधिकारीले कारण खोली म्याद थपको लागि अनुरोध गर्न सक्नेछ । त्यसरी अनुरोध गरेमा आयोगले आबश्यकता अनुसारको मनाशिव म्याद थप गर्न सक्नेछ ।

## परिच्छेद-४
## विस्तृत छानविन सम्बन्धी व्यवस्था

**१३. विस्तृत छानविनः**

(१) दफा १२ को उपदफा (५) बमोजिम आयोग समक्ष पेश भएको प्रारम्भिक छानविन प्रतिवेदन, उजूरीको गम्भीरता तथा तत्काल प्राप्त प्रमाणको आधारमा सो उजूरीका सम्बन्धमा विस्तृत छानविन गर्नु पर्ने मनासिव आधार देखिएमा आयोगले विस्तृत छानविन गर्ने निर्णय गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि ऐनको दफा २६ को उपदफा (२) बमोजिम क्षमादान दिन सकिने देहाय बमोजिमको कुनै अवस्थामा आयोगले प्रारम्भिक छानविन पश्चात् मेलमिलाप गर्ने कारवाही प्रारम्भ गर्न सक्नेछः

(क) पीडित र पीडक बीच मुख मिलेमा,
(ख) पीडितले क्षमादान दिन लिखित सहमती जनाएमा,

(३) आयोगबाट विस्तृत छानविन गर्ने निर्णय भएकोमा आयोगले अनुसन्धान अधिकारी तोक्नेछ।

(४) विस्तृत छानविन गर्दा अनुसन्धान अधिकारीले देहायका कुराहरु यकीन हुने गरी छानविन गर्नु पर्नेछः

(क) घटनाको सत्य तथ्यको विवरण ,
(ख) घटना घट्नुको कारण,
(ग) घटनाका आरोपित व्यक्ति र घटनामा आरोपित व्यक्तिहरुको संलग्नताको अवस्थाको विवरण,
(घ) घटनावाट को को व्यक्ति के कसरी पीडित हुन पुगेका हुन सो को विवरण,
(ङ) पीडितहरुलाई के कस्तो परिपुरण आवश्यक छ भन्ने सम्बन्धी विवरण,
(च) मेलमिलाप हुनसक्छ, सक्दैन सो सम्बन्धी विवरण,
(छ) क्षमादानको सिफारिस गर्न सकिने घटना हो, होईन सो सम्बन्धी विवरण,

(ज) कानूनी कारवाहीको लागि सिफारिस गर्नु पर्ने भए सो को आधार र औचित्य सम्बन्धी विवरण,

(झ) भविश्यमा यस्ता घटना दोहोरिन नदिनको लागि गरिनु पर्ने उपायहरु ।

**१४. विस्तृत छानविन गर्दा ध्यान दिनुपर्ने विषयहरुः**

(१) प्रारम्भिक छानविनबाट पहिचान भएको वा आयोगबाट सो उजूरीको सम्बन्धमा कुनै निर्देशन दिइएको भए सो समेतका बुँदाहरुमा केन्द्रीत रही अनुसन्धान अधिकारीले त्यस्ता विषयसँग सम्बन्धित थप कागजात, प्रमाण, विवरण तथा जानकारी सम्बन्धित निकायबाट माग गर्न सक्नेछ ।

(२) आयोगबाट तयार गरिएको कार्य सम्पादन सूची, विषयगत छानविन मार्गदर्शन, सो विषयमा आयोगबाट समय समयमा भएको निर्णय तथा निर्देशन समेतको अध्ययन गरी तदनुकुलको प्रक्रिया अपनाउनु पर्नेछ ।

(३) विस्तृत छानविन गर्दा माथी उपदफा (१) र (२) मा उल्लिखित बिषयका अतिरिक्त अनुसन्धान अधिकारीले आवश्यकता अनुसार देहाय बमोजिम गर्न सक्नेछः-

(क) आरोपित व्यक्तिलाई आयोगमा झिकाई बयान गराउने,

तर, प्रारम्भिक छानविनको क्रममा आरोपित व्यक्तिको वयान गराईसकेको भए पुनः नबुझि नहुने अवस्थामा बाहेक आरोपित व्यक्तिको पटक पटक बयान गराउनु हुँदैन ।

(ख) बयान गराउनु पर्ने व्यक्ति आयोगमा आउन नसक्ने असक्त, बालबालिका, जेष्ठ नागरिक वा अपाङ्गता भएका व्यक्तिका हकमा अनुसन्धान अधिकारीले कर्मचारी खटाई बयान गराउने,

(ग) अनुसन्धान अधिकारीले उपयुक्त ठानेका कानून बमोजिमका अन्य विधि ।

(४) घटनाको स्थलगत निरीक्षण गर्नुपर्ने भएमा अयोगको पूर्व स्वीकृति लिई अनुसन्धान अधिकारी स्वयं वा उपसमिति वा कार्यटोलीको कुनै सदस्य वा कुनै अधिकृत कर्मचारी मार्फत स्थलगत निरीक्षण गर्न लगाउन सक्नेछ ।

(५) विस्तृत छानविनको क्रममा घटनाका पीडित तथा साक्षीहरुको विवरण तयार पारी साक्षीहरु बुझ्नुपर्नेछ ।

(६) प्रारम्भिक छानविनमा बुझिएका व्यक्तिसंग थप कुरा बुझ्नु पर्ने भए बुझ्न सकिनेछ ।

(७) बयान एवं वकपत्रको क्रममा पीडितलाई मनोसामाजिक परामर्श दिन आवश्यक देखेमा सो को व यबस्था गर्नुपर्नेछ ।

(८) पीडित, साक्षी वा आयोगलाई सहयोग गर्ने व्यक्तिसँग लिने सूचना वा जानकारी श्रव्य दृष्यको माध्यमबाट लिनु पर्ने अवस्था देखिन आएमा सम्भव भएसम्म सो समेत गर्नुपर्नेछ।

(९) कुनै निकायबाट छानविनको क्रममा आवश्यक पर्ने सूचना, सामग्री, विवरण, लिखत आदि लिनुपर्ने भए लिनुपर्नेछ ।

(१०) छानविन सम्बन्धी कामका लागि आयोगले कुनै विषयमा विशेषज्ञको राय लिन आवश्यक भएमा लिन सक्नेछ ।

(११) आवश्यकता अनुसार दोभाषे वा सहजकर्ताको व्यवस्था मिलाउनु पर्नेछ ।

(१२) छानविनको सिलसिलामा कुनै विषयको सम्बन्धमा स्पष्ट हुनु पर्ने देखिएमा अनुसन्धान अधिकारीले निर्देशनको लागि आयोग समक्ष अनुरोध गर्न सक्नेछ ।

**१५. सशस्त्र द्वन्द्वको क्रममा भएको मानव अधिकारको गम्भीर उल्लघंनका घटनामा संलग्न अन्य व्यक्ति उपर छानविन गर्नेः**

कुनै व्यक्ति उपर परेको उजूरी उपर छानविन गर्दै जाँदा सो कार्यमा अन्य व्यक्ति समेतको संलग्नता रहेको देखिएमा अनुसन्धान अधिकारीले त्यस्ता व्यक्तिहरु उपर समेत छानविन गर्नु पर्नेछ ।

**१६. विवाद भएमा आयोग समक्ष पेश गर्नेः**

छानविनको सिलसिलामा कुनै घटना सशस्त्र द्वन्द्वको क्रममा भएको घटनासंग सम्बन्धित हो वा होइन भन्ने विषयमा विवाद भएमा अनुसन्धान अधिकारीले निर्णयको लागि आयोग समक्ष पेश गर्नु पर्नेछ ।

**१७. अन्यत्र मुकाम कायम गर्न सक्नेः**

कुनै उजूरी माथि छानविन गर्दै जाँदा अन्यत्र मुकाम कायम गर्नु पर्ने देखिन आएमा अनुसन्धान अधिकारीले सो को कारण खुलाई अन्यत्र मुकाम तोकी छानविन कार्य गर्न सक्नेछ ।

**१८. नाता सम्बन्ध भएका व्यक्तिले छानविन गर्न नहुनेः**

(१) कुनै घटनाका सम्बन्धमा छानविन गर्न तोकिएको अनुसन्धान अधिकारी वा उपसमिति वा कार्यटोलीको कुनै सदस्यको त्यस्तो घटनाको पीडित वा आरोपित व्यक्तिसँग कुनै नाता वा अन्य कुनै सम्बन्ध रहेको देखिन आएमा निजले सो घटनाका सम्बन्धमा छानविन गर्नु हुदैन ।

(२) उपदफा (१) बमोजिमको अनुसन्धान अधिकारी वा उपसमिति वा कार्यटोलीको सदस्यले सो विषयको जानकारी तुरुन्त आयोगलाई दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको जानकारी प्राप्त भएपछि सो कार्यको लागि अर्को व्यक्तिलाई आयोगले अनुसन्धान अधिकारी नियुक्त गर्नु पर्नेछ ।

**१९. आवश्यक कर्मचारी खटाउनेः**

(१) छानविनको काममा अनुसन्धान अधिकारीलाई सहयोग गर्न आवश्यक कर्मचारी खटाउन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम खटिएका कर्मचारीलाई अनुसन्धान अधिकारीले अन्य कुराका अतिरिक्त आफ्नो रेखदेख र निर्देशनमा आरोपित व्यक्तिको बयान तथा उजूरीकर्ता, पीडित, साक्षी तथा आयोगलाई सहयोग गर्ने व्यक्तिसँग गरिने बयान, बकपत्र र अन्य सोधपूछको काममा समेत लगाउन सक्नेछ । त्यसरी सहयोगी कर्मचारीबाट तयार भएको कागजात अनुसन्धान अधिकारीले प्रमाणित गर्नु पर्नेछ ।

**२०. सफाइको मौका दिनुपर्नेः**

(१) अनुसन्धान अधिकारीले छानविनको सिलसिलामा सशस्त्र द्वन्द्वको क्रममा भएको मानव अधिकारको गम्भीर उल्लङ्घनको घटनाका आरोपित व्यक्तिलाई सफाई पेश गर्ने मनासिब माफिकको मौका दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमका व्यक्तिलाई बयान वा सोधपुछको लागि आयोगमा झिकाउँदा निजको गोप्यता भङ्ग नहुने तरिका अपनाई टेलिफोन वा अन्य कुनै माध्यमबाट उपस्थित गराउनु पर्नेछ।

(३) आयोगमा उपस्थित भएका आरोपित व्यक्तिलाई अनुसूची २ बमोजिमको ढाँचामा वयान गराउनु पर्नेछ । यसरी वयान गराउदा आरोपित व्यक्ति स्वयंले जवाफ लेख्न चाहेमा निजलाई जवाफ लेख्न दिन सकिनेछ ।

(४) छानविनको सिलसिलामा आयोगले बोलाएको कुनै आरोपित व्यक्ति तोकिएको समयमा आयोगमा उपस्थित हुन नआएमा निजको कार्यालय वा बसोबास गरेको घर ठेगानामा म्याद सूचना पठाउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम कुनै व्यक्तिको नाममा म्याद तामेल गर्दा प्रचलित कानून बमोजिमको कार्यविधि अपनाई म्याद तामेल गर्नु पर्नेछ ।

(६) उपदफा (२), (४) र (५) बमोजिमको प्रकृयाबाट समेत कुनै आरोपित व्यक्ति आयोगमा उपस्थित हुन नआएमा वा निजको नाममा सूचना तामेल हुन नसकेमा त्यस्तो व्यक्तिलाई आयोगमा उपस्थित हुन आह्वान गरी कुनै राष्ट्रिय दैनिक पत्रिकामा वा सञ्चार माध्यमबाट सूचना प्रकाशन वा प्रसारण गर्नु पर्नेछ ।

(७) अनुसन्धान अधिकारीले आरोपित व्यक्तिलाई कार्यालय समय बाहेक वा सार्वजनिक बिदाको दिनमा समेत उपस्थित गराई बयान लिन सक्नेछ ।

तर, रातको समयमा उपस्थित वा बयान गराइने छैन ।

**२१. पीडित वा साक्षीलाई आयोगमा बोलाउँदा अपनाउनु पर्ने प्रकृयाः**

(१) अनुसन्धान अधिकारीले कुनै घटनाको छानबिनको सिलसिलामा उजूरीकर्ता, पीडित, साक्षी तथा आयोगलाई सहयोग गर्ने व्यक्तिलाई अनुसूची ३ बमोजिमको ढाँचामा मनासिव माफिकको समय दिई आयोग समक्ष उपस्थित गराई बुझ्न तथा बकपत्र गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमका कुनै व्यक्तिलाई आयोगमा झिकाउँदा मानिस सनाखत गराउनु पर्ने अवस्थामा बाहेक आरोपित व्यक्तिसँग भेट तथा पहिचान नहुने व्यवस्था मिलाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमका कुनै व्यक्तिलाई आयोगमा झिकाउँदा यथाशक्य निजहरुको अनुकूलको समय मिलाई बोलाउनु पर्नेछ ।

(४) यस दफा बमोजिमका कुनै व्यक्तिलाई आयोगमा झिकाउँदा टेलिफोन, मोबाइल वा ईमेल मार्फत समेत सम्पर्क गरी झिकाउन सकिनेछ ।

## २२. आरोपित व्यक्तिको बयान लिने पूर्वतयारी र प्रकृया

(१) आरोपित व्यक्तिको बयान लिनु पूर्व अनुसन्धान अधिकारीले देहाय बमोजिमको तयारी गर्नु पर्नेछः

(क) के कस्तो विषयमा बयान लिने हो स्पष्ट हुनुपर्ने,

(ख) उजूरीमा घटनाको बारेमा के के उल्लेख गरिएको छ जानकारी लिनुपर्ने,

(ग) बयान कहिले र कुन स्थानमा लिने हो निर्धारण गर्नुपर्ने,

(घ) बयान घटनाको विवरणसँग सम्बन्धित हुनुपर्ने,

(ङ) बयान दिने व्यक्ति शारीरिक र मानसिक रुपमा बयान दिन सक्षम भए नभएको यकीन गर्नुपर्ने,

(च) नेपाली भाषा नवुझ्ने आरोपित व्यक्तिको हकमा दोभाषेको प्रबन्ध गर्नुपर्ने,

(छ) कानून बमोजिम कसैको रोहबरमा बयान गराउनु पर्ने भए रोहवरमा राख्ने व्यक्तिलाई समेत उपस्थित गराउनुपर्ने ।

(२) प्रश्नहरु सोध्दा कुरा फोरी सरल भाषामा अलग विषयमा अलग अलग प्रश्न सोध्नु पर्नेछ ।

(३) बयान गराउने व्यक्तिले आरोपित व्यक्तिले उल्लेख गर्न चाहेका विषयलाई महत्वका साथ वयानमा खुलाउनु पर्नेछ ।

(४) बयान गराउँदा अनुसन्धान अधिकारीले आरोपित व्यक्ति उपर कुनै डर, धाक, धम्की, अनुचित प्रभाव वा दवाव प्रयोग नगरी गराउनु पर्नेछ ।

(५) वयान गराउदा आरोपित व्यक्तिको स्पष्ट रुपमा पहिचान खुल्ने गरी आवश्यक विवरण खुलाउनु पर्नेछ ।

(६) बयानमा उल्लिखित व्यहोरालाई समर्थन वा पुष्टि गर्ने बस्तुनिष्ठ वा विश्वसनीय प्रमाणको बारेमा प्रश्न सोध्नु पर्नेछ ।

(७) बयान गराए पछि बयानको शिर र बन्द बन्दमा तथा केरमेट र थपघट भएको स्थानमा सहीछाप गराउनु पर्नेछ ।

## २३. पीडित र साक्षीको बकपत्र लिने पूर्व तयारी र प्रकृया

(१) बकपत्र लिनु पूर्व अनुसन्धान अधिकारीले देहाय बमोजिमको तयारी गर्नु पर्नेछः

(क) के कस्तो विषयमा बकपत्र लिने हो स्पष्ट हुनुपर्ने,

(ख) उजूरीमा घटनाको बारेमा के के उल्लेख गरिएको छ जानकारी लिनुपर्ने,

(ग) बकपत्र कहिले र कुन स्थानमा लिने हो निर्धारण गर्नुपर्ने,

(घ) बकपत्र घटनाको विवरणसँग सम्बन्धित हुनुपर्ने ।

(२) प्रश्नहरु सोध्दा सरल भाषामा कुरा फोरी अलग विषयमा अलग अलग प्रश्न सोध्नु पर्नेछ ।

(३) बकपत्रमा निजले देखे जानेको कुरा बताउने गरी प्रश्न गर्नु पर्नेछ । आफ्नो धारणा र अनुमान भन्न प्रेरित गर्नु हुँदैन ।

(४) पीडित वा साक्षीले आफै जवाफ लेख्न चाहेमा निजलाई जवाफ लेख्न दिनु पर्नेछ ।

(५) बकपत्र गराउने व्यक्तिले साक्षीले उल्लेख गर्न चाहेका विषयलाई महत्वका साथ खुलाउनु पर्नेछ।

(६) सम्बन्धित घटनाका सम्बन्धमा सोधिएको प्रश्न भन्दा बाहेक थप जानकारी भए नभएको सोधी सो को जवाफ पनि लिनु पर्नेछ ।

(७) बकपत्र गराउँदा सो कार्य गर्न अधिकृत गरिएको व्यक्तिले गराउनु पर्नेछ ।

(८) बकपत्र गराए पछि बकपत्रको शिर र बन्द बन्दमा तथा केरमेट र थपघट भएको स्थानमा सहीछाप गराउनु पर्नेछ ।

(९) यस दफा बमोजिम बकपत्र गराउदा अनुसूची ४ बमोजिमको ढाँचामा गराउनु पर्नेछ ।

## २४. खानतलासी तथा बरामदी गर्नेः

(१) अनुसन्धान अधिकारीले सशस्त्र द्वन्द्वको क्रममा भएको मानव अधिकारको गम्भीर उल्लघंनका घटनाको छानविनको सिलसिलामा कुनै ठाउँ वा व्यक्तिको खानतलासी गर्नु परेमा खानतलासी गर्न सक्नेछ ।

(२) अनुसन्धान अधिकारीले छानबिनको सिलसिलामा कुनै व्यक्ति वा ठाउँको खानतलासी लिंदा स्थानीय प्रशासनको सहयोग लिन सक्नेछ ।

(३) खानतलासी गर्न कुनै घर वा भवनमा प्रवेश गर्नु पूर्व अनुसूची ५ बमोजिमको ढाँचामा प्रवेश मुचुल्का गरी आफ्नो तलासी लिन लगाउनु पर्नेछ ।

(४) खानतलासी गर्न प्रवेश गर्दा खानतलासी गर्न तथा मुचुल्का तयार गर्न आवश्यक पर्ने सामान बाहेकका सामान साथमा लैजान हुँदैन ।

(५) खानतलासी गर्नु पूर्व खानतलासी गर्ने व्यक्ति वा ठाउँको पहिचान गरी आवश्यकता अनुसार विना पूर्व सूचना त्यस्तो व्यक्ति वा ठाउँको तलासी लिन र फेला परेका वस्तु वा लिखत कब्जा गर्न वा त्यस्तो लिखतको नक्कल वा प्रतिलिपि लिन सक्नेछ ।

(६) खानतलासी गर्न प्रवेश गरिसकेपछि खास ठाउँमा सामान वा प्रमाण भएको जानकारी भए सोही ठाउँको र सो नभए कुनै एक ठाउँबाट क्रमशः खानतलासी गर्दै जानु पर्नेछ ।

(७) एक भन्दा बढी तला भएको घर भवन भए क्रमशः भूईंतलाबाट खानतलासी गर्दै माथिल्लो तलाहरुमा जानु पर्नेछ ।

(८) खानतलासी गर्दा कुनै वस्तु /प्रमाण/लिखत कुन ठाउँमा कसरी राखिएको थियो वस्तुस्थिति प्रष्ट खुलाउनु पर्नेछ ।

(९) खानतलासी गर्दा घटनासँग सम्बन्धित कुनै लिखत वा बस्तु बरामद भएमा बरामद गरी खानतलासी मुचुल्कामा सोही व्यहोरा र बरामद नभएमा बरामद हुन नसकेको व्यहोरा खुलाउनु पर्छ । खानतलासी तथा बरामदी गर्दा कुनै चिजवस्तु ननासिने, नविग्रिने गरी इज्जत र मर्यादाको ख्याल गरी गर्नु पर्नेछ ।

(१०) सामान बरामद गर्दा कुनै मालसामानको नाम, नम्बर, नापतौल, रङ्ग वा त्यसको प्रकृति र स्थिति समेत खुल्ने व्यहोरा उल्लेख गर्नु पर्नेछ ।

(११) महिलाको तलासी लिनुपर्दा महिला कर्मचारीबाट मात्र तलासी लिनु पर्नेछ ।

(१२) खानतलासी गर्दा बरामद भएको कागजात वा कुनै मालसामान लैजानु परेमा अनुसन्धान अधिकारीले त्यस्तो कागजात वा मालसामान बुझेको भरपाई कार्यालयको भए जिम्मेवार पदाधिकारी वा कसैको घर कम्पाउण्डको भए घरधनी, मालसामान धनी वा कागजात वा मालसामानको जिम्मा लिएको व्यक्तिलाई दिनु पर्नेछ ।

(१३) उपदफा (१२) बमोजिमको व्यक्ति फेला नपरेमा वा फेला परे पनि निजले भरपाई बुझ्न नमानेमा त्यस्तो भरपाई स्थानीय निकायका प्रतिनिधिलाई जिम्मा दिनु पर्नेछ ।

(१४) उपदफा (१३) बमोजिमको स्थानीय निकायको प्रतिनिधि फेला नपरेमा बरामद गरिएको स्थानमा त्यस्तो भरपाईको एकप्रति टाँस गरी स्थानीय निकायमा सो को एकप्रति पठाई बरामदी मुचुल्कामा सो व्यहोरा जनाउनु पर्नेछ ।

(१५) खानतलासी गर्दा स्थानीय व्यक्तिको रोहवरमा गर्नु पर्नेछ । स्थानीय व्यक्ति रोहवरमा बस्न नमानेमा वा उपलव्ध नभएमा खानतलासी वा बरामदी मुचुल्कामा सोही व्यहोरा जनाई उपस्थित कर्मचारी वा व्यक्तिको सहीछाप गराउनु पर्नेछ ।

(१६) खानतलासी गर्दा यथाशक्य सूर्योदयदेखि सूर्यास्तसम्म गर्नु गराउनु पर्नेछ ।

(१७) यस दफा बमोजिम गरिने खानतलासी तथा बरामदी मुचुल्काको ढाँचा अनुसूची ६ मा समावेश गरिएको छ ।

**२५. उत्खनन् गर्नेः**

(१) कुनै उजूरीका सम्बन्धमा छानविन गरी पेश हुन आएको प्रतिवेदनको आधारमा सशस्त्र द्वन्द्वको क्रममा भएको मानव अधिकारको गम्भीर उल्लंघनका घटनाको मृतकको शव वा प्रमाण लाग्ने चिज वस्तु कुनै स्थानमा गाडिएको छ भन्ने खुल्न आई वा आयोग आफैंले कुनै स्थानको उत्खनन् गर्नु पर्ने अवस्था देखेमा त्यस्तो उत्खनन् सम्बन्धी कार्यको व्यवस्थापन गर्न आयोगले आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको उत्खनन्को लागि लाग्ने खर्च, भौतिक एवं जनशक्ति, सो को लागि लाग्न सक्ने समयावधि समेतको आधारमा सचिवले प्रस्ताव बनाई आयोग समक्ष पेश गर्नु पर्नेछ ।

(३) उत्खनन् गर्दा जमीन मुनी गाडी राखेको शव वा चिजवस्तु फुट्न, भाँचिन वा नासिन नपाउने गरी गर्नु पर्नेछ ।

(४) उत्खननबाट कुनै शवको अवशेष वा चिजवस्तु फेला परेमा त्यसको वस्तुस्थिति सहितको विवरण खोली मुचुल्का तयार पार्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको मुचुल्कागर्दा प्रचलित कानूनको रित पुऱ्याई गर्नु पर्नेछ ।

(६) उत्खनन् सम्बन्धी कार्य गर्न र उत्खननवाट प्राप्त वस्तुका वारेमा यकीन गर्न आयोगले विशेषज्ञको सेवा लिन सक्नेछ ।

(७) उपदफा (१) बमोजिमको उत्खनन् कार्य र त्यसको व्यवस्थापन गर्ने सम्बन्धमा माथि लेखिएका कुराहरुका अतिरिक्त आयोगले थप छुट्टै प्रकृया वा कार्यविधि तयार गरेको भए सो कार्यविधिको समेत पालना गर्नु पर्नेछ ।

**२६. जानकारी वा सूचना गोप्य राख्नु पर्नेः**

(१) छानविन सम्बन्धी काम गर्न खटिएको कुनै कर्मचारी वा सो काममा संलग्न अन्य कुनै व्यक्तिले छानबिनको सिलसिलामा प्राप्त सूचना, जानकारी, विवरण तथा कागजात वा सो को प्रतिलिपि, आयोग वा आयोगले तोकेको अधिकारी वा निकाय बाहेक अन्य कसैलाई उपलब्ध गराउन पाइने छैन ।

(२) कसैले पनि आयोगलाई प्राप्त सूचना, जानकारी, विवरण तथा कागजात आयोगको स्वीकृति बिना कुनै पनि किसिमबाट प्रकाशन वा प्रचार प्रसार गर्न पाइने छैन ।

**२७. निलम्बनका लागि लेखी पठाउनेः**

(१) सार्वजनिक पद धारण गरेको कुनै व्यक्ति उपर सशस्त्र द्वन्द्वको क्रममा भएको मानव अधिकारको गम्भीर उल्लघंनका घटनाका सम्बन्धमा छानबिन गर्नु परेमा वा निजलाई ऐनको दफा १४ को उपदफा (५) बमोजिम निलम्बन गरी छानबिन गर्न आवश्यक देखिएमा त्यस्तो व्यक्तिलाई निलम्बन गर्न सम्बन्धित निकायमा लेखी पठाउने प्रयोजनका लागि अनुसन्धान अधिकारीले आयोग समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश भएकोमा निलम्बनका लागि लेखी पठाउने गरी आयोगबाट निर्णय भएमा अनुसन्धान अधिकारीले सो बमोजिम तुरुन्तै सम्बन्धित निकायलाई लेखी पठाउनु पर्नेछ ।

(३) छानविनको कार्य समाप्त भएमा वा निलम्बन गरिरहन आवश्यक नदेखिएमा वा ऐनको दफा १४ को उपदफा (५) मा तोकिएको अवधि समाप्त भएमा निलम्बन फुकुवाको लागि अनुसन्धान अधिकारीले आयोग समक्ष पेश गर्नु पर्नेछ ।

(४) आयोगवाट निलम्बन फुकुवा गर्ने निर्णय भएमा सो को जानकारी सम्बन्धित निकायमा गराउनु पर्नेछ ।

**२८. विशेषज्ञको सेवा लिन सकिने**

(१) आयोगले मानव अधिकारको गम्भीर उल्लङ्घनको कुनै घटनाको सम्बन्धमा जाँचबुझ गरी सत्य तथ्य पत्ता लगाउन आवश्यकता अनुसार सम्बन्धित विषयका विशेषज्ञ वा विशिष्टकृत निकायहरुको सेवा लिन सक्नेछ ।

(२) विशेषज्ञको राय बकपत्रको रुपमा पनि अभिलेख गर्न सकिनेछ ।

**२९. सार्वजनिक सुनुवाई**

आयोगले मानव अधिकारको गम्भीर उल्लङ्घन सम्बन्धी बिषयमा सत्य तथ्य पत्ता लगाउन सार्वजनिक सुनुवाई गर्दा देहाय बमोजिमको कार्यविधि अपनाउनेछः-

(१) आयोगले सार्वजनिक सुनुवाई गर्दा सकभर घटनास्थलमा नै गर्ने व्यवस्था मिलाउनेछ ।

(२) आयोगले घटनाको सत्य तथ्य पत्ता लगाउन आवश्यकता र उपयुक्ततालाई विचार गरी पीडित, आरोपित व्यक्ति, साक्षी, मानव अधिकारकर्मी, नागरिक समाज, बुध्दिजीवि, सञ्चारकर्मी र सर्वसाधारणलाई राखेर सार्वजनिक सुनुवाई सम्बन्धी कार्यक्रमको आयोजना गर्न सक्नेछ।

(३) यस्तो कार्यक्रममा पीडित र साक्षीको आत्मसम्मानमा चोट नपुग्ने गरी शिष्ट र मर्यादित भाषा प्रयोग गरी बोल्ने व्यवस्था गरिनेछ ।

(४) सार्वजनिक सुनुवाई कार्यक्रममा एक पक्षले अर्को पक्षलाई कटाक्षपूर्ण र अपहेलनाजनक शब्द र भाषाको प्रयोग गर्न नपाउने व्यवस्था मिलाउनु पर्नेछ ।

(५) आयोगले गर्ने सार्वजनिक सुनुवाईको कार्यक्रम सम्भव भएसम्म स्थानीय सञ्चार माध्यमबाट प्रत्यक्ष प्रशारण गर्ने ब्यवस्था मिलाउन सक्नेछ ।

(६) सार्वजनिक सुनुवाईमा उठाइएका महत्वपूर्ण विषयहरु समावेश गरी प्रतिवेदन तयार गरिनेछ ।

**३०. साक्षी, पीडित तथा आयोगलाई सहयोग गर्ने अन्य व्यक्तिहरुलाई संरक्षण गर्नु पर्नेः**

(१) अनुसन्धान अधिकारीले सशस्त्र द्वन्द्वको क्रममा भएको मानव अधिकारको गम्भीर उल्लघंनका घटनाका साक्षी, पीडित, उजूरीकर्ता तथा आयोगलाई सहयोग गर्ने अन्य व्यक्तिले संरक्षणको लागि अनुरोध गरेमा देहाय बमोजिमको व्यबस्था गर्नु पर्नेछः-

(क) निजहरुको वास्तविक नाम थर, ठेगाना वा परिचयलाई कुनै काल्पनिक वा सांकेतिक रुपमा अभिलेख राख्ने र घटनाका साक्षी, पीडित, उजूरीकर्तालाई काल्पनिक वा सांकेतिक नाम, ठेगाना अनुसार परिचयपत्र दिने,

(ख) निजहरुको नाम, थर, वतन, तीन पुस्ते लगायतका परिचयात्मक विवरण तथा हुलिया सम्बन्धी जानकारी आरोपित व्यक्ति, निजको परिवार वा नजिकको व्यक्तिले थाहा नपाउने गरी गोप्य राख्ने व्यबस्था मिलाउने,

(ग) छानबिनको क्रममा आफ्नो वा आफ्नो परिवारको सदस्यको सुरक्षामा खतरा रहेको छ भनी निजहरुले सुरक्षाको माग गरेमा अनुसन्धान अधिकारीले नियमावलीको नियम ३० बमोजिमको व्यवस्थाका लागि आयोग समक्ष सिफारिस गर्ने ।

(२) साक्षी, पीडित, आयोगको काममा सहयोग गर्ने कर्मचारी तथा अन्य व्यक्ति वा निजको परिवारका सदस्यको सम्पत्ति, कारोवार वा व्यबसायको सुरक्षा गर्नु पर्ने देखिन आएमा सम्बन्धित निकायलाई लेखी पठाउनु पर्नेछ ।

(३) सुरक्षाका दृष्टिले वा अन्य कुनै कारणबाट पीडित, साक्षी वा अन्य कुनै व्यक्तिलाई आयोगमा उपस्थित गराउन नसकिने भएमा देहाय बमोजिमको उपयुक्त तरिका अपनाउनु पर्नेछः-

(क) श्रव्यदृष्य संवाद मार्फत बुझ्ने,

(ख) पीडकले देख्न नसक्ने गरी बयान, बकपत्र वा सोधपुछ गर्ने,

(ग) निजको स्वर परिवर्तन वा रुपान्तरण गरी बुझ्ने,

(घ) बन्द सवाल मार्फत् बुझ्ने ।

(४) यस निर्देशिका बमोजिम सुरक्षा वा संरक्षण प्रदान गर्नु पर्ने व्यक्ति अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, बालबालिका वा यौन हिंसामा परेका व्यक्ति भएमा अनुसन्धान अधिकारीले उनीहरुको मनोविज्ञान र मर्यादामा आँच नआउने किसिमले आवश्यक सुरक्षाको व्यबस्था मिलाउनु पर्नेछ ।

**३१. पीडितसँग सम्पर्क स्थापित गर्न सक्नेः**

अनुसन्धान अधिकारीले छानविनको सिलसिलामा आवश्यकता अनुसार पीडितसँग सम्पर्क स्थापित गर्न सक्नेछ ।

**३२. पीडितमैत्री बातावरणमा छानविन गर्नुपर्नेः**

(१) सशस्त्र द्वन्द्वको क्रममा भएको मानव अधिकारको गम्भीर उल्लघंनको घटनाका सम्बन्धमा छानबिन गर्दा अनुसन्धान अधिकारीले साक्षी, पीडित वा आयोगको काममा सहयोग गर्ने व्यक्तिको मनोविज्ञानमा नकारात्मक असर नपर्ने गरी पीडित मैत्री बातावरण सिर्जना गर्ने व्यबस्था मिलाउनु पर्नेछ ।

(२) अनुसन्धान अधिकारीले पीडितको रुपमा बालबालिका भएका कुनै घटनाको सम्बन्धमा छानबिन गर्दा बालबालिकाको मनोविज्ञानमा नकारात्मक असर नपर्ने गरी बालमैत्री बातावरण सिर्जना गर्ने व्यबस्था मिलाउनु पर्नेछ ।

**३३. जानकारी माग गर्नेः**

(१) आयोगमा दर्ता भएको उजूरी वा जानकारीको सम्बन्धमा प्रारम्भिक वा विस्तृत छानविन कार्य जुनसुकै अवस्थामा पुगेको भए पनि पीडित, आरोपित वा जानकार व्यक्तिसँग कुनै कुरा बुझ्न आवश्यक भएमा त्यस्तो व्यक्तिलाई झिकाई थप जानकारी लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम थप जानकारी लिनु पर्ने व्यक्ति पीडित, अपाङ्ग, अशक्त, ज्येष्ठ नागरिक, बालबालिका वा यौनजन्य हिंसामा परेको व्यक्ति भएमा आयोगले कुनै कर्मचारी सहितको टोली खटाई वा बन्द सवाल वा अन्य कुनै माध्यमवाट बुझ्न सक्नेछ ।

(३) सरकारी निकायमा कार्यरत कुनै कर्मचारी वा सुरक्षाकर्मीले आफू कार्यरत निकायमा रही आयोगमा बयान, वकपत्र वा जानकारी दिन सुरक्षाका कारण नसक्ने जनाएमा त्यस्तो कर्मचारीलाई निज सरुवा हुन सक्ने कुनै निकायमा सरुवा गर्न सम्बन्धित निकायमा लेखी पठाउन अनुसन्धान अधिकारीले सचिव मार्फत् आयोग समक्ष पेश गर्न सक्नेछ ।

**३४. प्रमाण कागजात पेश गर्न लगाउन सक्नेः-**

(१) अनुसन्धान अधिकारीले सशस्त्र द्वन्द्वको क्रममा भएको मानव अधिकारको गम्भीर उल्लघंनका घटनाका आरोपित व्यक्ति वा उजूरीकर्ता वा अन्य व्यक्तिसँग भएको वा कुनै कार्यालयमा रहेको वा हुन सक्ने कुनै पनि प्रमाण कागजात पेश गर्न पन्ध्र दिनमा नबढ्ने गरी समय तोकी सम्बन्धित व्यक्ति वा कार्यालयलाई आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको समयावधिभित्र त्यस्तो प्रमाण कागजात पेश गर्न नसक्ने उचित आधार देखाई थप म्याद माग गरेमा अनुसन्धान अधिकारीले सम्बन्धित व्यक्ति वा कार्यालयलाई त्यस्तो प्रमाण कागजात पेश गर्न थप सात दिनको समय प्रदान गर्न सक्नेछ । यसरी म्याद थप गर्ने पत्राचार गरिएको जानकारी पठाउँदा सम्बन्धित कार्यालयको केन्द्रिय कार्यालयलाई बोधार्थ दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम तोकिएको समयावधिभित्र पनि त्यस्तो कार्यालयले प्रमाण उपलब्ध नगराएमा सम्बन्धित कार्यालय प्रमुखलाई विभागीय कारवाही गर्न अख्तियारवालालाई लेखी पठाउन र मिसिल संलग्न प्रमाणको आधारमा उजूरी उपर निर्णय गर्नको लागि मिसिल आयोग समक्ष पेश गरिनेछ ।

(४) उपदफा (२) बमोजिम पेश गर्नुपर्ने प्रमाण नबुझी नहुने प्रकृतिको वा घटनासँग प्रत्यक्ष सम्बन्धित देखिएमा आयोगले सम्बन्धित कार्यालय हेर्ने मन्त्रालयको सचिवलाई सो प्रमाण कागजात आयोगमा पठाउने व्यवस्था गर्न लेखी पठाउनेछ ।

(५) उपदफा (४) बमोजिम सम्बन्धित मन्त्रालयको सचिवलाई लेखी पठाएको पन्ध्र दिनभित्र लिखत, प्रमाण र कागजात वा सो बारे युक्तियुक्त जवाफ लेखी नपठाएमा आयोगले सम्बन्धित सचिवलाई विभागीय कारवाही गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई लेखी पठाउन सक्नेछ ।

(६) उपदफा (५) बमोजिमको समयावधिभित्र उजूरीसँग सम्बन्धित कुनै प्रमाण पेश गर्नु पर्ने व्यक्तिले त्यस्तो प्रमाण पेश नगरेमा आयोगले उपलव्ध भएसम्मका प्रमाणको आधारमा आफ्नो कारबाही अघि बढाउन बाधा पर्नेछैन ।

## परिच्छेद -५
## कार्य सम्पादन र प्रतिवेदन

**३५. छानविन कार्य समयमै पूरा गर्नु पर्नेः**

(१) प्रारम्भिक वा विस्तृत छानविन गर्न तोकिएको अनुसन्धान अधिकारीले आयोगले तोकेको समय भित्रै छानविन कार्य सम्पन्न गरी आयोग समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(२) आयोगले कुनै उजूरीमाथि प्राथमिकता दिई छानविन गर्ने निर्णय गरेमा अनुसन्धान अधिकारीले सो उजूरीका सम्बन्धमा प्राथमिकता दिई छानविन गर्नु पर्नेछ ।

(३) कुनै कारणबस तोकिएको समयभित्र छानविन गर्ने कार्य पूरा हुन नसक्ने भएमा सो समयसम्म छानविनमा भएको प्रगति र अव गर्नुपर्ने छानविन कार्यको विवरण समेत उल्लेख गरी बाँकी काम सम्पन्न गर्न आवश्यक पर्ने म्याद थपका लागि आयोग समक्ष पेश गरी म्याद थप भए बमोजिम गर्नु पर्नेछ ।

(४) अनुसन्धान अधिकारीले अनुसूची ७ बमोजिमको ढाँचामा छानविन प्रतिबेदन तयार गर्नु पर्नेछ ।

**३६. प्रतिवेदन पेश गर्नेः**

(१) अनुसन्धान अधिकारीले तोकिएको कार्यावधिभित्र छानविन प्रतिवेदन आयोगका अध्यक्ष समक्ष पेश गर्नु पर्नेछ । तर, तोकिएको कार्यावधि अगावै छानविनको कार्य समाप्त भएमा छानविनको कार्य समाप्त भएको सात दिनभित्र छानविन प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश गरेको विस्तृत छानविन प्रतिवेदन अनुसन्धान अधिकारीले आयोगको बैठकमा प्रस्तुत गर्नु पर्नेछ ।

(३) छलफलको क्रममा प्रतिवेदनमा केही विषयमा स्पष्ट गर्न आवश्यक देखी आयोगले कुनै आदेश दिएमा सम्बन्धित अनुसन्धान अधिकारीले सो प्रतिवेदनमा प्रष्ट पार्नु पर्ने कुराहरु खुलाई पुनः वा पूरक प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(४) सचिवले अध्यक्षसँग परामर्श गरी आयोगमा पेश हुने प्रतिबेदनको प्राथमिकता क्रम निर्धारण गर्नु पर्नेछ ।

(५) उपदफा (२) बमोजिम आयोगमा पेश भएका प्रतिवेदनका आधारमा वा अनुसन्धान अधिकारीको अनुरोधमा आयोगलाई कुनै स्थानको स्थलगत निरीक्षण गर्नु पर्ने भन्ने लागेमा आयोगले स्थलगत निरीक्षण गर्न, गराउन सक्नेछ । त्यसरी स्थलगत निरीक्षण गर्ने अधिकारीले अनुसूची ८ को ढाँचामा सो को प्रतिवेदन यथासक्य छिटो आयोगमा पेश गर्नु पर्नेछ ।

**३७. लिखत प्रमाण सुरक्षित राख्ने र तायदाती फाराम तयार गर्ने:**

(१) आयोग वा अनुसन्धान अधिकारीबाट तयार पारिएका वा संकलन गरिएका कागजात, लिखत, प्रमाण एवम् चिजवस्तुलाई सुरक्षित राख्नु सम्बन्धित अधिकृतको कर्तव्य हुनेछ ।

(२) आयोगमा दर्ता हुन आएको उजुरी र त्यसपछि तयार भएका कागज तथा लिखतहरु अनुसन्धान अधिकारीले मिति क्रमअनुसार क्रमशः मिसिलमा संलग्न गर्नुपर्नेछ ।

(३) अनुसन्धान अधिकारीले उपदफा (१) बमोजिमका मिसिलमा रहेका लिखतहरुको क्रमाङ्क, प्रकृति, लिखतको मिति र कैफियत व्यहोराको तायादाती फाराम खडा गरी सबै लिखत बारे सो फाराममा व्यहोरा चढाउनुपर्छ ।

## परिच्छेद -६
## विविध

**३८. तामेलीमा रहेको उजूरी जगाउन सकिने:**

(१) दफा १२ बमोजिम तामेलीमा रहेको उजूरी जगाउन चाहने पक्षले आधार र कारण खोली प्रमाण सहित आयोगमा उजूरी वा जानकारी दिन सक्नेछ ।

(२) तामेलीमा राख्ने गरी निर्णय भएको विषयमा पछि प्रमाण प्राप्त भएमा आयोगले सो उजूरी उपर छानविन गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको उजूरी वा जानकारी आयोगको कार्यावधि साठी दिन बाँकी छँदासम्म मात्र दिन  सकिनेछ ।

(४) उपदफा (१) बमोजिम दिइएको उजूरी वा जानकारी आधारयुक्त देखिएमा आयोगले सो उजूरी वा जानकारी दर्ता गर्न आदेश दिनेछ । तर त्यस्तो उजूरी वा जानकारीमा लिइएका आधार, कारण र प्रमाण पर्याप्त नभएमा पुनः तामेलीमा राख्न आदेश दिन सक्नेछ।

(५) उपदफा (४) बमोजिम भएको आदेशको जानकारी सम्बन्धित व्यक्तिलाई यथासक्य छिटो दिनुपर्नेछ ।

(६) उपदफा (४) बमोजिम पुनः तामेलीमा राख्ने आदेश भएपछि त्यस्तो उजूरी वा जानकारीमाथि कुनै कारवाही अगाडि बढाइने छैन ।

**३९. बयान वा बकपत्रको ग्राह्यता:**

कुनै एउटा उजुरीको सम्बन्धमा लिईएको आरोपित व्यक्तिको बयान र पीडित वा साक्षीको बकपत्रको तथ्य ब्यहोरा सान्दर्भिकता राख्ने अन्य उजुरीका सम्बन्धमा समेत ग्राह्य हुनेछ ।

**४०. इन्टर्नको सेवा लिन सकीने:** आयोगमा कार्य गर्न ईच्छुक इन्टर्नलाई आयोगले उपयुक्त सम्झेको काममा लगाई सेवा लिन सक्नेछ ।

**४१. बाधा अड्काउ फुकाउने अधिकार:**

यस  निर्देशिकामा उल्लिखित कुनै कुरा वा आयोगबाट भएको निर्णय वा आदेश कार्यान्वयन गर्न कुनै कठिनाई वा बाधा परेमा अनुसन्धान अधिकारीले त्यस्तो बाधा अड्काउ फुकाउनको लागि अध्यक्ष समक्ष पेश गर्नुपर्नेछ । त्यसरी पेश भएमा अध्यक्षले बाधा अड्काउ फुकाउने सम्बन्धमा निर्णयका लागि आयोग समक्ष पेश गर्नेछ ।

**४२. अनुसन्धान अधिकारी आयोगप्रति उत्तरदायी हुनेः**

अनुसन्धान अधिकारी छानविन सम्बन्धी कामको लागि आयोगप्रति उत्तरदायी हुनेछ ।

**४३. ऐन तथा नियमावली बमोजिम हुनेः**

यस निर्देशिकाको ब्याख्या र पालना ऐन तथा नियमावलीको अधिनमा रही गरिनेछ ।

अनुसूची-१

(दफा १२ को उपदफा (३) सँग सम्बन्धित)

सत्य निरुपण तथा मेलमिलाप आयोग

अनुसन्धान अधिकारी तोकिएको ढाँचा

श्री ................

................................. ।

तपाईलाई ⁄ देहायको उपसमिति ⁄ कार्यटोलीलाई देहायका विवरण भएको उजूरीको प्रारम्भिक ⁄ विस्तृत छानविन पूरा गरी प्रतिवेदन पेश गर्नका लागि आयोगको निर्णयानुसार अनुसन्धान अधिकारी तोकिएको छ । आयोगको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रही छानबिनको कार्य पूरा गरी आफ्नो राय सहितको प्रतिवेदन ....... दिन भित्र आयोगमा पेश गर्नु होला ।उक्त कार्य सम्पन्न गर्न तपाई ⁄ उपसमिति ⁄ कार्यटोलीलाई देहाय बमोजिमको सहयोगी कर्मचारीहरु तोकिएको छ ।

उपसमिति ⁄ कार्यटोली

१.

२.

३.

सहयोगी कर्मचारीहरु

१.

२.

३.

४.

उजूरी सम्बन्धी विवरण पाना ...... र उजूरी फाईल थान ...... यसै साथ संलग्न छ।

सम्बन्धित अधिकृतकोस
दस्तखतः
नाम,थरः

कार्यालयको छापः

मितिः

अनुसूची - २
(दफा २० को उपदफा (३) सँग सम्बन्धित)
सत्य निरुपण तथा मेलमिलाप आयोग
आरोपित ब्यक्तिसँग लिइने बयानको ढाँचा

सत्य निरुपण तथा मेलमिलाप आयोगका अनुसन्धान अधिकारी श्री ....................................समक्ष आरोपित व्यक्ति श्री.................................................ले दिएको बयान

१. तपाईंको नाम थर, उमेर, पेशा, स्थायी / अस्थायी बसोबास के कहाँ हो ? खुलाउनुहोस्।
२. तपाईंको बाबु र आमाको नामथर खुलाउनुहोस्।
३. तपाईं आज यस आयोगमा किन उपस्थित हुनुभयो ?
४. तपाई पीडित श्री.......................................लाई चिन्नु हुन्छ की हुँदैन ?
५. तपाईंको निजसँग नातासम्बन्ध, रिस इवि केही छ/ छैन ?
६. तपाईंले यस अघि फौजदारी कसुरमा सजाय पाउनुभएको छ/ छैन ?
७. तपाईंको मानसिक र शारीरिक अवस्था कस्तो छ ? आयोगले सोधेका प्रश्नहरुको जवाफ लेखी दिई बयान गर्न सक्नुहुन्छ / हुन्न ?
८. तपाईंले दिएको बयान तपाईंका विरुद्ध प्रमाण लाग्छ भन्ने कुरा तपाईंलाई थाहा छ की छैन ?
९. तपाईका विरुद्धमा पीडित श्री............................................ले दिएको उजुरी निवेदन तपाईंलाई देखाई पढी सुनाइन्छ। यसमा तपाईंको भएको साँचो व्यहोरा खुलाई दिनुहोस्।
१०. त्यसपछि उजुरी निवेदन र जवाफ अनुसारका सान्दर्भिक प्रश्नहरु सोध्न सकिने।
११. तपाईं र तपाइको परिवारको नाममा नेपाल भरी के(कस्तो चल अचल सम्पत्ति छ खुलाई दिनुहोस्।
१२. तपाईंले गर्नुभएको बयान पढी हेर्नुहोस् तपाईंले भने बमोजिम लेखिएको ठीक छ/ छैन ?
यसमा लेखिएको व्यहोरा ठीक साँचो हो भनी सही गर्ने श्री.................................. ।

इति सम्बत् २०७............. साल...............महिना................गते रोज शुभम्।
(गोपनीयता कायम राख्ने उजूरीका हकमा माथि उल्लिखित ४ र ५ नं. को प्रश्न नसोध्ने साथै ९ नं. को प्रश्नमा पीडितको साँकेतिक नाम, नम्बर वा चिन्ह उल्लेख गर्नुपर्ने छ।)

अनुसूची - ३
(दफा २१ को उपदफा (१) सँग सम्बन्धित)

सत्य निरुपण तथा मेलमिलाप आयोग

सत्य निरुपण तथा मेलमिलाप आयोगमा उपस्थित हुनको लागि दिइने सूचनाको ढाँचा

श्री ..............
.................................... ।

यस आयोगमा मिति ............ मा परेको .............. ( संक्षिप्त व्यहोरा ) ....... उजूरीको छानविन गर्ने सिलसिलामा तपाईसँग केहि कुरा बुझ्न परेकोले मिति .............. मा दिनको ...... बजे यस आयोगको कार्यालय ृ मुकाम ........................ मा उपस्थित हुनु होला । उपस्थित नभए कानून बमोजिम हुनेछ ।

अनुसन्धान अधिकारीकोस
दस्तखत:
नाम,थर:
मिति:

अनुसूची-४
(दफा २३ को उपदफा (९) सँग सम्बन्धित)
सत्य निरुपण तथा मेलमिलाप आयोग
पीडित वा साक्षीको बकपत्रको ढाँचा

सत्य निरुपण तथा मेलमिलाप आयोग समक्ष पीडित / आरोपित व्यक्ति ................को साक्षी ..........................ले इमान / धर्म सम्बन्धी गरेको बकपत्र........................................

१. तपाईंको नाम थर, उमेर, पेशा, स्थायी / अस्थायी बसोबास के कहाँ हो ? खुलाउनुहोस् ।

२. तपाईंको बाबु र आमाको नामथर खुलाउनुहोस् ।

३. पीडित र आरोपित व्यक्तिसँग तपाईको चिनाजानी, लेनदेन, नाता, रिस इवी छ /छैन ?

४. तपाईले झुटा वकपत्र गरेकोमा सजाय पाउनुभएको छ/छैन ?

४. आयोगले सोध्न सक्नेः

(क) पीडित ................ र आरोपित व्यक्ति .............. भएको प्रस्तुत..............विषयमा तपाइँले देखे सुने जानेको के के छ खुलाई बकपत्र गर्नुहोस् ।
(ख) त्यसपछि आवश्यकतानुसार उजुरी निवेदन र बयानसँग सम्बन्धित प्रश्न गर्दै जाने ।

५. तपाईंलाई यस विषयमा जानकारी भएका बाँकी कुरा भए खुलाई दिनुहोस् ।

६. तपाइँले दिएको वकपत्र भने बमोजिम लेखिएको ठीक छ छैन ? खुलाई दिनुहोस् ।

उपर्युक्त बमोजिम लेखिएको व्यहोरा ठीक साँचो हो भनी सही गर्ने.......................को साक्षी .....................
रोहवर
आरोपित व्यक्ति पीडित

इति सम्बत् २०७... साल..........महिना.............गते रोज ................शुभम् ।

अनुसूची-५
(दफा २४ को उपदफा (३) सँग सम्बन्धित)
सत्य निरुपण तथा मेलमिलाप आयोग

प्रवेश मुचुल्काको ढाँचा

जिल्ला ........ महानगरपालिका_ उपमहानगरपालिका_ नगरपालिका_ गाउँपालिका ................. वडा नं. .......... गाउँ_ टोल .......... बस्ने तपाई श्री ...................... को घर कम्पाउण्डभित्र सशस्त्र द्वन्दको क्रममा भएका मानव अधिकारको गम्भिर उल्लङ्घन सम्बन्धी घटनासँग सम्बन्धित वस्तु, लिखत वा प्रमाण फेला पर्न सक्ने सम्भावना भएकोले सत्य निरुपण तथा मेलमिलाप आयोगका हामी देहायका व्यक्तिहरु छानबिनको सिलसिलामा खानतलासी गर्न खटी आएकोले खानतलासीको लागि सो स्थानमा प्रवेश गर्नु अघि देहायका व्यक्तिवाट हाम्रो खानतलासी गराई सो को मुचुल्का तयार गरेका छौं।

तपसिल
खानतलासी गर्न प्रवेश गर्ने व्यक्तिहरुको जीउ खानतलासी लिने व्यक्तिको नाम, थर, ठेगाना ( तीन पुस्ते सहित) -
१.
२.

रोहबरः(
!. घरधनी_ मालधनी वा निजको प्रतिनिधिः
२. सम्भव भएसम्म स्थानीय व्यक्ति_ जनप्रतिनिधिः
३. पीडित (सम्भव भएसम्म)

मुचुल्का तयार गर्ने कर्मचारीहरुः

१.
२.

मितिः

अनुसूची-६

(दफा २४ को उपदफा (१७) सँग सम्बन्धित)
सत्य निरुपण तथा मेलमिलाप आयोग
खानतलासी तथा बरामदी मुचुल्काको ढाँचा

लिखितम् ...................... को नाति, ............................ को छोरा ्छोरी .......... जिल्ला ......................... महानगरपालिका ्उपमहानगरपालिका ्नगरपालिका ्गाउँपालिका .................. वडा नं. .......... गाउँ ्टोल .......... बस्ने बर्ष ..... को ........ स्थित घर ्स्थानमा कानून बमोजिम रीत पु(याई प्रवेश गरेका हामी देहायका व्यक्तिहरुले मिति ..... मा खानतलासी गर्दा देहायका स्थानहरुमा निम्न बमोजिमका वस्तु, लिखत वा प्रमाण फेला परेको र सो वस्तु, लिखत तथा प्रमाण छानबिनको सिलसिलामा आयोगमा दाखिल गर्न लैजानु पर्ने हुदा खानतलासी तथा बरामदी मुचुल्का गरी दिनुहोस् भनी सत्य निरुपण तथा मेलमिलाप आयोगबाट खटी आएका कर्मचारीले भन्दा हाम्रो चित्त बुझ्यो । यसमा तपसिलमा लेखिएको व्यहोरा ठीक साँचो हो भनी लेखी लेखाई सम्बन्धित कर्मचारी मार्फत आयोगमा चढायौं ।
तपसिल
खानतलासीमा फेला परेका वस्तु, लिखत तथा प्रमाण र स्थानको विवरणः
१.
२.

बरामद गरी लगेका वस्तु, लिखत तथा प्रमाणको विवरणः
१.
२.

रोहबर
१. बरामद सामानको भरपाई बुझ्नेः
२. स्थानीय प्रतिनिधि ( भएसम्म)
३. आरोपित व्यक्ति (संभव भएसम्म)

बरामद सामानको भरपाई तपाईलाई बुझाई माथी उल्लिखित उक्त बरामदी सामान लिई गएका छौं ।
मुचुल्का तयार गर्ने कर्मचारीहरु
१.
२.
मितिः(

अनुसूची-७
(दफा ३५ को उपदफा (४) सँग सम्बन्धित)
सत्य निरुपण तथा मेलमिलाप आयोग

छानबिन प्रतिवेदनको ढाँचा

आयोगको मिति .......... को निर्णय बमोजिम प्रारम्भिक ्विस्तृत छानबिन गर्न म ्हामीलाई तोकिएकोमा सो बिषयमा छानबिन गरी देहाय बमोजिमको प्रतिवेदन पेश गरेको छु ्छौं ।

१. उजूरी सम्बन्धी विवरणः
   (क) उजूरी दर्ता नम्बरः
   (ख) उजूरवालाको नाम, थर, ठेगानाः
   (ग) पीडितको नाम, थर, ठेगानाः
   (ग) आरोपित व्यक्तिको नाम, थर, ठेगानाः

२. उजूरीको संक्षिप्त व्यहोरा:

३. सबुत प्रमाण:

(क) दसी प्रमाण तथा घटनासँग सम्बन्धित चीज वस्तु:

(ख) साक्षी:

देख्ने:

(अ)

(आ)

सुन्ने:

(अ)

(आ)

४. घटनासँग प्रमाण लाग्ने अरु चीज वस्तु:

(क)

(ख)

५. छानबिनवाट खुल्न आएको व्यहोरा:

६. अनुसन्धान अधिकारीको राय:

अनुसन्धान अधिकारीकोस

दस्तखत: .................. ..................... ........................

नाम,थर:

दर्जा:

मिति:

अनुसूची-८

(दफा ३६ को उपदफा (५) सँग सम्बन्धित)

सत्य निरुपण तथा मेलमिलाप आयोग

स्थलगत निरीक्षण प्रतिवेदनको ढाँचा

१. उजूरी दर्ता नम्बर:

२. उजूरी दिने व्यक्तिको नाम र ठेगाना:

३. उजूरीको छोटकरी व्यहोरा:

४. आरोपित व्यक्तिको नाम, थर, उमेर, वतन:

५. स्थलगत निरीक्षणबाट देखिन आएको अवस्था:

६. थप अनुसन्धान गर्नु पर्ने भए के के कुरामा अनुसन्धान गर्नु पर्ने हो सो को विवरण:

७. उजूरीको व्यहोरा स्थापित हुन सक्ने आधार:

८. उत्खनन् गर्नु पर्ने भए सो को आधार र कारण:

९. घटनाको बारेमा थाहा पाउने कुनै व्यक्ति बुझ्नु पर्ने भएमा त्यस्ता व्यक्तिको नाम, थर, वतन:
१०. कुनै कागजात वा मालसामानहरु बरामद गर्नु पर्ने भए के कहाँबाट बरामद गर्नु पर्ने हो सो को विवरण:
११. घटनासँग सम्बन्धित कुनै भौतिक सवुत प्रमाण सङ्कलन गर्न छुट भएको भए सो को विवरण:

१२. अन्य केही भए:

प्रतिवेदन पेश गर्नेकोस
दस्तखत:
नाम, थर:
दर्जा:
मिति:

अनुसूची - ९

(दफा ८ को उपदफा (२) को खण्ड (झ) सँग सम्बन्धित)

सत्य निरुपण तथा मेलमिलाप आयोग

विशेष प्रकृतिका मुद्दाहरूको कारवाहीमा पक्षहरूको गोपनीयता कायम राख्ने सम्बन्धी कार्यविधि निर्देशिका, २०६४

प्रस्तावनाः

नेपालको अन्तरिम संविधान, २०६३ ले मौलिक हकअन्तर्गत गोपनीयताको हक समावेश गरी न्यायिक उपचारको हक समेतको प्रत्याभूत गरेको भएतापनि सोको संरक्षणका लागि निश्चित कानूनी व्यवस्थाको अभावमा एच.आई.भी/ एड्स संक्रमित व्यक्तिले आफू संक्रमित भएको स्थितिमा, महिलाले आफूविरुद्ध हिंसा भएको स्थितिमा र बालबालिकाले कानूनसँगको द्वन्द्व व्यहोरेको स्थितिमा आफूउपर भएको अन्यायविरुद्ध उपचार माग्न वा न्यायमा पहुँच पाउन व्यवधान महसूस गरेको अनुभव भइरहेको, मुद्दा मामिलाको अनुसन्धानदेखि फैसला कार्यान्वयनसम्मका कारवाहीको क्रममा र सोपश्चात्को अवधिमा समेत निजहरूको व्यक्तिगत परिचयात्मक विवरण गोप्य नराखिदिएको कारण आत्मसम्मानपूर्वक जीवनयापन गर्नमा थप संकट र असुविधा व्यहोर्नु परिरहेको सन्दर्भमा यस्ता वर्गका व्यक्तिको गोपनीयताको अधिकारको संरक्षण गर्न कार्यविधिसहितको आवश्यक कानूनी व्यवस्था गर्न नेपाल सरकारको नाममा यस अदालतबाट निर्देशात्मक आदेश जारी गर्ने निर्णय भएको र सोबमोजिम आवश्यक कानून बनाई व्यवस्थित नभएसम्मका लागि पूर्णरुपमा न्याय गरी उचित उपचार प्रदान गर्न नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) द्वारा प्रदत्त अधिकार अन्तर्गत यस अदालतको अन्तर्निहित अधिकार प्रयोग गरी उपरोक्त विशेष प्रकृतिका मुद्दा मामिलाको कारवाहीका हरेक चरणमा लागू हुने गरी गोपनीयताको हक संरक्षणको लागि गोपनीयता कायम राख्नेसम्बन्धी यो निर्देशिका जारी गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस निर्देशिकाको नाम ‘‘विशेष प्रकृतिका मुद्दाहरूको कारवाहीमा पक्षको गोपनीयता कायम राख्नेसम्बन्धी कार्यविधि निर्देशिका, २०६४‘‘ रहको छ ।

(२) यो निर्देशिका आजका मितिले तीस दिनपछि प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) ‘‘मुद्दा’’ भन्नाले यस निर्देशिकाको प्रयोजनको लागि व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नुपर्ने भनी सम्बन्धित अधिकारीले निर्णय गरी तोकिदिएका देहायका प्रकृतिका मुद्दा सम्झनु पर्छः-

(१) मुद्दाको प्रकृति र त्यसले पीडितउपर पार्नसक्ने असरको आधारमा गोपनीयता कायम गर्नुपर्ने देखिएका बलात्कार, गर्भपतन, यौन दुर्व्यवहार, मानव बेचविखन, जीउ मास्ने, बेच्ने, हाडनाता करणी एवम् महिला विरुद्धको हिंसालगायतका मुद्दामा पीडितको रुपमा महिला भएका फौजदारी मुद्दाहरू,

(२) बाल अदालत वा बाल इजलासबाट हेरिने बालबालिका पक्ष भएका फौजदारी मुद्दाहरू,

(३) एच.आई.भी./ एड्सबाट प्रभावित वा संक्रमित व्यक्तिहरूसँग सम्बन्धित त्यस्तो विवरण खुलेका मुद्दाहरू ।

(ख) ‘‘व्यक्तिगत परिचयात्मक विवरण’’ भन्नाले,

(१) खण्ड (क) को देहाय (१) मा उल्लिखित मुद्दाको हकमा पीडित महिलाको नाम, थर, वतन लगायतका पहिचान खुल्ने सम्पूर्ण सम्बद्ध विवरणहरूलाई जनाउने छ ।

(२) खण्ड (क) को देहाय (२) मा उल्लिखित मुद्दाको हकमा पक्षको रुपमा रहेका बालबालिकाको नाम, थर वतन लगायतका पहिचान खुल्ने सम्पूर्ण सम्वद्ध विवरणहरूलाई जनाउने छ ।

(३) खण्ड (क) को देहाय (३) मा उल्लेखित मुद्दाहरूको हकमा एच.आई.भी./ एड्सबाट प्रभावित वा संक्रमण भएको व्यक्तिको त्यसरी प्रभावित वा संक्रमण भएको पहिचान खुल्नसक्ने लगायतका सम्पूर्ण सम्वद्ध विवरणहरूलाई जनाउने छ ।

(ग) “सम्बन्धित अधिकारी” भन्नाले जिल्ला अदालतको हकमा जिल्ला न्यायाधीश, पुनरावेदन अदालत र सर्वोच्च अदालतको हकमा सो अदालतका रजिष्ट्रार र अन्य निकाय वा कार्यालयको हकमा सम्बन्धित कार्यालयका कार्यालय प्रमुखलाई जनाउने छ ।

३. व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नु पर्नेः
(१) अपराध अनुसन्धानको निमित्त सूचना प्राप्त भएदेखि अनुसन्धान तहकीकात, अभियोजन, सुनुवाई, फैसला, फैसला कार्यान्वयनलगायतका सम्पूर्ण काम कारवाईका क्रममा र फैसला कार्यान्वयनपश्चात् पनि अनुसन्धान तहकीकात गर्ने निकाय, मुद्दा हेर्ने निकाय र फैसला कार्यान्वयन गर्ने निकायलगायतका सम्पूर्ण निकायहरूले दफा २ बमोजिमका मुद्दामा पीडित पक्षको रुपमा प्रस्तुत भएका व्यक्तिको व्यक्तिगत परिचयात्मक विवरणहरू गोप्य राख्नु पर्नेछ ।
(२) उपदफा (१) बमोजिम गोप्य राखिएको व्यक्तिगत परिचयात्मक विवरणलाई फिरादपत्र, प्रतिउत्तरपत्र, उजूरी, निवेदन, प्रतिवेदन, पुनरावेदनपत्र, फैसला वा अदालत वा अन्य निकायले प्रकाशन गर्ने सार्वजनिक प्रकाशनलगायत सम्पूर्ण अवस्थामा गोप्य राख्नु पर्नेछ ।
(३) उपदफा (१) बमोजिम गोप्य राखिएको परिचयात्मक विवरण खुलाउन सम्बन्धित व्यक्तिलाई बाध्य पारिने छैन ।
(४) मुद्दाहरूको कारवाहीको कुनै पनि चरणमा उपस्थित भई गोप्य राखिएको व्यक्तिगत परिचयात्मक विवरण थाहा पाउने कुनै पक्ष वा निजको कानून व्यवसायी, विशेषज्ञ, साक्षी, न्यायाधीश, कर्मचारीलगायत कसैले पनि त्यस्तो गोप्य राखिएको विवरण कसैसँग पनि प्रकाश गर्नु हुँदैन ।
(५) यस निर्देशिकाबमोजिम गोप्य राखिएका विवरणहरू मुद्दा किनारा भएपछि पनि गोप्य राख्नु पर्नेछ ।

४. गोप्य राखिएको व्यक्तिगत परिचयात्मक विवरण खुल्ला गर्न सकिनेः
गोप्य राखिएको व्यक्तिगत परिचयात्मक विवरण देहायको अवस्थामा आवश्यक देखिएको हदसम्म खुल्ला गर्न अनुमति दिन सकिनेछः-
(१) कानूनबमोजिम खुल्ला गर्न आवश्यक ठहऱ्याई गोप्य राख्नुपर्ने अधिकारीले अनुमति दिएमा,
(२) स्वच्छ न्यायिक सुनुवाईको संरक्षणका लागि आवश्यक देखिएमा,
(३) व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नुपर्ने व्यक्तिले सो विवरण गोप्य राख्न जरूरी नभएको भनी लिखित निवेदन दिएमा ।

५. गोपनीयता कायम गर्ने प्रक्रियाः
(१) दफा ३ बमोजिम गोप्य राखिएका व्यक्तिगत परिचयात्मक विवरणहरू छुट्टै पानामा लेखबद्ध एवम् शिलबन्दी गरी गोप्य राखिएको विवरणलाई संकेत गर्न छुट्टै परिचयात्मक नाम वा संख्या वा चिन्ह दिनुपर्नेछ र सोको प्रमाणीकरण सम्बन्धित अधिकारीले गर्नुपर्नेछ ।
(२) यस निर्देशिकाबमोजिम व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नका लागि कुनै कागज प्रमाण गोप्य राख्नुपर्ने भएमा सोलाई शिलवन्दी गरी सोको व्यहोरा छुट्टै पानामा खुलाई मिसिल संलग्न राख्नु पर्नेछ ।
(३) गोप्य राखिएका विवरणहरूको गोप्यता संरक्षणको लागि सम्बन्धित अदालत वा कार्यालयले त्यस्तो मिसिलहरूको छुट्टै लगत खडा गर्ने, संकेत चिन्ह दिने र अभिलेख संरक्षण गर्ने व्यवस्था गर्नुपर्नेछ ।
(४) कसैले आफ्नो व्यक्तिगत परिचयात्मक विवरण गोप्य राखी पाउन माग गरेमा सोबमोजिम गोप्य राख्ने वा नराख्ने भन्ने बारेमा सम्बन्धित अधिकारीले निर्णय गरेबमोजिम हुनेछ । यसरी माग भएका मुद्दामा व्यक्तिगत विवरण गोप्य राख्नपर्ने भए त्यसको कारण सहितको पर्चा खडा गर्नुपर्नेछ ।

६. परिचयः
(१) मुद्दाको अनुसन्धान वा कारवाहीको सिलसिलामा विवरण गोप्य राखिएको व्यक्तिको उपस्थिति भए पनि निजसँग सम्बन्धित परिचयात्मक कुराहरू उल्लेख गर्दा निजलाई संकेत गर्न दिइएको नाम, नम्बर वा चिन्हद्वारा नै गरिनेछ । निजको दस्तखत समेत सोही संकेत, नाम, नम्वर वा चिन्हबाट गर्नुपर्नेछ ।
(२) यस निर्देशिकाबमोजिम व्यक्तिगत परिचयात्मक विवरण गोप्य राखिएको व्यक्तिलाई निजको संकेत, नाम, नम्वर वा चिन्ह उल्लेख भएको परिचयपत्र दिनुपर्नेछ ।
७. म्याद, सूचना र पत्राचारः

व्यक्तिगत परिचयात्मक विवरण गोप्य राखिएका व्यक्तिका नाममा समाह्वान, इतलायनामा वा सूचना जारी गर्दा वा पत्राचार गर्दा निजको संकेत, नाम, नम्वर वा चिन्हवाट गर्नुपर्नेछ । सो सम्बन्धी आधिकारिक परिचयको लागि अर्को पक्षले माग गरेमा गोप्य राखिएको व्यक्तिगत परिचयात्मक विवरण अनावश्यक रुपले खुल्ला नहुने व्यवस्था मिलाई शिलबन्दी गरिएको विवरण खोली जानकारी दिनुपर्नेछ र काम सकिएपछि पुनः शिलवन्दी गरी राख्नु पर्नेछ ।

८ सूचना प्रकाशनमा बन्देज:
यस निर्देशिकाबमोजिम गोप्य राखिएको व्यक्तिको परिचय खुल्ने विवरण कुनै पनि माध्यमबाट प्रकाशमा ल्याउन वा प्रचार-प्रसार गर्न हुँदैन ।

९ गोपनीयता भंग गरेमा कारवाही हुने:
(१) यस निर्देशिकाविपरीत कसैले परिचयात्मक विवरण गोप्य राखिएको व्यक्तिको वास्तविक पहिचान खुल्ने गरी नाम र विवरणहरू सार्वजनिक गरेमा निजले अदालतको आदेशको उल्लंघन गरेको मानी अदालतको अवहेलनामा कारवाही चलाइनेछ ।
(२) बन्द इजलासको कारवाहीको सिलसिलामा कर्मचारीलाई जानकारी हुन आएको गोप्य राखिएका व्यक्तिगत परिचयात्मक विवरण वा सूचनाहरू बन्द इजलास वाहिर कुनै पनि तेस्रो पक्षसमक्ष खुल्ला गर्न पाइने छैन । सो विपरीत कुनै काम गरेमा उपदफा (१) बमोजिम हुने कारवाहीको अतिरिक्त अनुशासनसम्बन्धी विभागीय कारवाही समेत गर्न सकिनेछ ।

१०. उजूर गर्ने निकाय:
यो निर्देशिकाको बर्खिलाप कार्य गरेकाले कारवाही गरिपाऊँ भनी कुनै कर्मचारीको विरुद्धमा उजुरी दिनुपर्ने भएमा कर्मचारीको हकमा सम्बन्धित कार्यालय प्रमुखसमक्ष र कार्यालय प्रमुखको हकमा एक तहमाथिको सम्बन्धित निकायमा उजुरी दिनुपर्नेछ । यसरी पर्न आएको उजूरीका सम्बन्धमा सात दिनभित्र टुंगो लगाई सक्नुपर्नेछ ।

११. निर्देशिकाको पालना:
यो निर्देशिकाबमोजिम कार्य गर्नु सम्बन्धित कार्यालय, अदालत एवं सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

१२. निर्देशिकाको कार्यान्वयनसम्बन्धी व्यवस्था:
(१) यो निर्देशिका सर्वसाधारणको जानकारीको लागि आमसञ्चारका माध्यमबाट प्रचार-प्रसार गर्नुपर्नेछ ।
(२) यो निर्देशिका सबै तहका अदालत, प्रहरी कार्यालय तथा सरकारी वकील कार्यालयको सूचनापाटीमा टाँसिने छ ।
(३) यो निर्देशिका कार्यान्वयन गर्दा बाधा अड्काउ पुग्न गएमा सम्बन्धित अधिकारीले उपयुक्त तरिका अपनाई बाधा अड्काउ फुकाउने छ । तर, सम्बन्धित अधिकारीबाट बाधा अड्काउ फुक्न नसकेमा प्रतिवेदन पेश गरी सर्वोच्च अदालतले बाधा अड्काउ फुकाई निकासा दिनुपर्नेछ ।
(४) यो निर्देशिकाबमोजिमका प्रावधानहरू हाल चालू अवस्थामा रहेका मुद्दाहरूमा समेत अबको काम कारवाहीमा अनुशरण गर्नुपर्नेछ ।

१३. प्रचलित कानूनबमोजिम हुने:
यो निर्देशिकामा व्यवस्था भएदेखि बाहेकका अन्य कुराहरू प्रचलित कानूनबमोजिम हुनेछ ।
(साभार( संवत् २०६३ सालको रिट नं. ३५६१, महिला, कानून र विकास मञ्च तथा आफ्नो तर्फवाट समेत अधिवक्ता सपना प्रधान मल्ल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत, (नेकाप २०६४, निर्णय नं.७८८०, पृष्ठ १२०८) आदेश भएको मितिः २०६४।९।१० )